नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २७२ २०८२ साल जेठ २१ गते बुधबार (4 June 2025 Wednesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : सन्दर्भ विश्व धूम्रपानरहित ... ३ पृष्ठमा : हिमालको संरक्षणमा ... ३ पृष्ठमा : गाजाको सहायता केन्द्र नजिकै ...

# तिलाठी कोइलाडीका दुई कर्मचारी सहित पाँचजना विरुद्ध विशेष अदालतमा आरोपपत्र




**दैनिक समाचारदाता**
**राजविराज, २० जेठ ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका तत्कालिन प्रमुख प्रशासकीय अधिकृत, सह-लेखापालसहित पाँच जना बिरुद्ध मंगलबार विशेष अदालतमा भ्रष्टाचार सम्बन्धी आरोप पत्र दायर गरेको छ ।

पालिकाबाट विभिन्न समयमा प्रकाशित गरिएको टेण्डर र आशयपत्र सम्बन्धी विज्ञापनमा प्रकाशक र कर्मचारीको मिलोमतोमा भ्रष्टाचार भएको जनाउँदै अख्तियारले तिलाठी कोइलाडी गाउँपालिकाका तत्कालिन प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र कुमार यादव, सह-लेखापाल सत्रोहन दास, टाईम्स रिपब्लिक मिडिया प्रालि तिलाठी कोईलाडीका संस्थापक सदस्य भूषणकुमार सिंह, डच मिडिया प्रालि काठमाडौंका निर्देशक रवि अर्याल तथा प्रभाव राष्ट्रिय दैनिक प्रालिका प्रवन्ध निर्देशक कृष्णबहादुर कार्की गरि पाँच जना विरुद्ध विशेष अदालतमा आरोपपत्र दायर गरेको हो ।

आर्थिक बर्ष २०७९/०८० मा पालिकामा विभिन्न निर्माण कार्यको लागि ठेक्का नम्बर ३ र ६ बाट चारवटा ठेक्काको बोलपत्र आह्वान र खरिद आशयको सूचना सार्वजनिक खरिद ऐन, नियम बमोजिम राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेमा सो नगरि कर्मचारी र प्रकाशकको मिलोमतोमा गैरकानुनी लाभ तथा गाउँपालिकालाई हानी पुऱ्याउने गरि लुकाई छिपाई प्रकाशित गरेर भ्रष्टाचार गरिएको अख्तियारले दायर गरेको आरोपपत्रमा उल्लेख गरिएको छ ।

यसरी लुकाई छिपाई प्रकाशित गरिएको सूचना प्रेस काउन्सिल नेपालको रेकर्डमा कतै नभेटिएको तथा एक प्रति पत्रिका मात्र प्रकाशित गरि झुटा विल भरपाई मार्फत तीनलाख १६ हजार चारसय १० रुपैयाँ भुक्तानी लिई

*बाँकी अन्तिम पृष्ठमा*

# सडक स्तरोन्नतीको माग गर्दै राजविराजमा चक्काजाम



**दैनिक समाचारदाता**
**राजविराज, २० जेठ ।**

जिर्ण अवस्थामा रहेको नगर क्षेत्रका विभिन्न सडकको स्तरोन्नतीको माग गर्दै सडकमा उत्रेका जनप्रतिनिधि र यूवाहरुले मंगलबार राजविराजस्थित नेता चौकमा चक्काजाम गरेका छन् । जसकारण बजार क्षेत्रमा साना तथा ठूला सवारीसाधनको आवागमन ठप्प भएको छ ।

वडाअध्यक्ष शशी चौधरी, नागरिक अगुवा खेलानन्द दाससहित दर्जनौंको संख्यामा बिहान ९ बजे भेला भएका यूवाहरुले मुख्य बजारको नेता चौकमा सडकको चारैतिर बाँसको ढाट लगाएर आवागमन अवरुद्ध पारेका हुन् ।

चौकदेखी राममन्दिरसम्मको करिब २ सय मिटर सडकलाई अलपत्र पार्नुका साथै ठेकेदारले स्थानीय रुपनी बस स्टेण्ड, माछा हटियासम्म पुग्ने सडक, राजविराज-कंचनपुर सडक लगायतको सडकको अवस्था पनि उस्तै बनाएको भन्दै स्थानीय आन्दोलनमा उत्रिएका हुन् ।

कान्छाराम कन्स्ट्रक्सनले उक्त सडकहरुको निर्माण

*बाँकी अन्तिम पृष्ठमा*

# चार महिनाको गर्भवती रहेकी २० वर्षिया युवतीको बिजोग

**दैनिक समाचारदाता**
**राजविराज, २० जेठ ।**



सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका २ की २० बर्षीया कल्पना (नाम परिवर्तन) अहिले न्यायका लागि संचारकर्मी र अधिकारकर्मी हुँदै प्रहरीमा पुगेकी छिन् ।

उनी आफ्नो प्रेमी सोही वडाका २४ बर्षीय शिवजी खंगको चार महिनाको गर्भ समेत बोकेकी छिन् । विवाहको प्रलोभन देखाई पटक पटक शारीरिक सम्बन्ध स्थापित गरेका शिवजी अहिले छाडेर हिडेपछि कल्पनाको विच्चली भएको हो ।

गाउँघरमा भएको पंचायतीको निर्णय समेत पालना नगरी शिवजी फरार भएपछि न्यायका लागि सदरमुकाम राजविराज आई पुगेकी कल्पनाले जिल्ला प्रहरी कार्यालयमा शिवजी र उनका अभिभावक विरुद्ध उजूरी दिएकी छिन् ।

हाल कक्षा १२ उत्तिर्ण गरेकी कल्पना कक्षा १० मै पढदै गरेका बेला शिवजी संग प्रेम सम्बन्धमा जोडिन पुगेको उजुरीमा उल्लेख गरेकी छिन् । सोही क्रममा विहेको प्रलोभन देखाई विगत ापस्दुई बर्ष देखि शिवजीले आफू संग जवरजस्ती शारीरिक सम्बन्ध कायम गरेको उनको कथन छ ।

स्थानिय गजेन्द्रनारायण सिंह अस्पतालमा स्वास्थ्य परीक्षण गराउँदा उनी ४ महिनाको गर्भ बोकेको रिपोर्टले समेत देखाएको छ २०८२ बैशाख १४ गते उनी २० बर्ष पार गरि २१ औं बर्षमा प्रवेश गरेकी छिन् । कानुनी व्यवस्था अनुसार उनको विहे गर्ने उमेर पनि पुगिसकेको छ ।

घट्ना सार्वजनिक र चर्किदै गएपछि गाउँमा गत २०८१ चैत्र १२ गते पंचायती समेत बसेको थियो । जसमा दुवै पक्षका अभिभावक, भरभलादमी र प्रहरीको उपस्थितिमा शिवजीले कल्पनाको उमेर पुगेपछि विहे गर्ने लिखित कबूल गरेका थिए तर, अहिले आएर शिवजीले बोली फेरेको र छाडेर भागेको कल्पनाको दुखेसो छ ।

अहिले शिवजीले बिहे गर्न अस्विकार गरेको र उनका अभिभावकले पनि घरमा राख्न इन्कार गरेकाले बाध्यभई कानुनी उपचारमा जुटेको उनको कथन छ ।

घरमा अन्न नभएका कारण भोकभोकै बस्ने अवस्था आएपछि मंगलबार छिमेकी एकजना संग एकजार दुईसय रुपैया सापटी मागेर १० दिन जति पुग्ने चामल, दाल, च्यूरा, मुरही, मसला र तरकारी किनेर ल्याएको उनले सुनाईन् ।

प्रहरी उपरीक्षक खतिवडाले कल्पनाको समस्यालाई आफूले गम्भिरतापुर्वक लिदै मातहतका प्रहरी निकायलाई शिवजी र उनका आफन्तको खोज तलाश गरि अविलम्ब झिकाउन निर्देशन दिई सकिएको बताए । उनले यस्ता प्रकृतीका घट्ना समाजमा निकै बढ्न थालेकोमा चिन्ता व्यक्त गर्दै यस तर्फ बर्तमान पुस्ता र उनका अभिभावक सचेत हुनुपर्नेमा जोड समेत दिएका छन् ।

## डिप्रेसनका लक्षण

मानसिक रुपमा:
- उदास, निराश वा एक्लोपन महसुस गर्नु,
- कुनै पनि कुरामा चासो नलिनु वा कम हुनु,
- आत्मबल घट्नु वा आत्मग्लानि हुनु वा दोषी महसुस हुनु,
- निर्णय लिन नसक्नु वा कठिन हुनु,
- आत्महत्याका विचार आउनु,

शारीरिक र व्यवहारिक लक्षणहरू:
- निन्द्रा कम लाग्नु तथा सुत्न नसक्नु,
- भोक नलाग्नु वा अत्यधिक भोक लाग्नु,
- तौलमा परिवर्तन आउनु,
- सामान्य काममा थकान महसुस हुनु,
- पुरै शरीर दुख्नु वा शरीरका कुनै भागमा पीडा महशुस हुनु,
- सामाजिक गतिविधिमा चासो नहुनु,

यस्ता लक्षण देखिएमा चिकित्सकको परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### अदालतको आदेश कार्यान्वयन गर्नु जरुरी

सप्तरीका निजी विद्यालयहरुमा शिक्षा संचालनमा देखिएको मनपरीले विद्यार्थीहरुको भविष्य अन्यौल बनेको छ । यहाँका अधिकांश विद्यालयहरूले कक्षा १ सम्मको अनुमति लिएर कक्षा ८ सम्म पढाइ सञ्चालन गरिरहेका छन्, जसको इमिस विवरण अर्कै विद्यालयमार्फत भरेर विद्यार्थी र अभिभावकलाई अन्योलमा राखिएको हो । उच्च अदालत जनकपुरको राजविराज इजलासले बैशाख १९ गते अनुमति नलिई विद्यालय सञ्चालन नगर्न आदेश दिएको थियो । तर सो आदेशको अवज्ञा गर्दै धेरै विद्यालय अझै मनपरी ढंगले कक्षा सञ्चालन गरिरहेका छन । शिक्षा समन्वय इकाई सप्तरीका अनुसार चार पालिकामा मात्र गरिएको अनुगमनमै २१ विद्यालयले अनुमति भन्दा माथिल्लो कक्षा सञ्चालन गरेको भेटिएको छ ।

शिक्षा प्रणालीमा यस्तो गम्भीर लापरवाही विद्यार्थीको भविष्यसँग खेलवाड हो । विद्यालयले कानुनको सम्मान गर्नुपर्ने हो, तर उल्टै त्यसको उल्लंघन गर्दै कानुनी राज्यको उपहास गरेका छन । यस्ता विद्यालयमाथि कडा निगरानी र कारबाही आवश्यक छ । यसमा अभिभावकको पनि भूमिका छ । शुल्क तिर्दा तिर्दै आफ्ना बालबालिका कुन कक्षामा पढिरहेका छन् भन्ने नबुझ्नु गम्भीर बेखबरिता हो । विद्यार्थीको उज्यालो भविष्यका लागि विद्यालय, सरकार र अभिभावक सबैको उत्तरदायित्व आवश्यक रहेको भने कानुनी राज्यको अनुभूती गराउन अदालतको आदेश कार्यान्वयन गर्न जरुरी छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सन्दर्भ विश्व धूम्रपानरहित दिवस : धूम्रपानको भयावहताले बिगारेको शारीरिक र मुख स्वास्थ्य

**डा प्रकाश बुढाथोकी**

काठमाडौं, २० जेठ (रासस) ।

विश्व स्वास्थ्य सङ्घले केही वर्षअघि गरेको सर्वेक्षणमा मुलुकको ७२% घरमा न्यूनतम एक व्यक्ति धूम्रपान गर्ने गरेको पाइएको छ भने त्यसमा १२% व्यक्ति १० वर्षको उमेर नपुग्दै सुर्तीजन्य वस्तुको सेवन सुरु गर्ने गरेका छन् ।

विश्वका विभिन्न देशमध्ये नेपाल धूम्रपान सेवन गर्नेमा अग्रस्थानमा छ । नेपालमा ७३% व्यक्तिले सुर्तीजन्य पदार्थको कुनै न कुनै रूपको सेवन गर्ने गरेको तथा कम्तीमा एक पटक अनुभव गरेका पुगनपुग ९० प्रतिशत भएको एक अर्को अध्ययनले देखाएको छ ।

अरु त अरु २५% शहरी क्षेत्रका गर्भवतीले पनि धूम्रपान गरेको पाइन्छ । ७७.४% भन्दा बढी महिला, ८९.५% भन्दा बढी पुरुषद्वारा कुनै न कुनै रूपमा सुर्तीजन्य पदार्थको प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सेवन गर्ने गरेको अनुमान छ । मेरो दुई हजार १३९ विभिन्न कार्यक्रम, निःशुल्क स्वास्थ्य शिविरमा आएकाको मुख परीक्षण गर्दाको अम्मल सुर्तीजन्य पदार्थको सेवन सारा विश्वको लागि टड्कारो समस्या बनिरहेकोमा नेपाल अछुतो रहने कुरा भएन । यसैमा अझ विगत १५ वर्षमा सुर्तीजन्य पदार्थको खपत एकहजार २०० गुणाले बढ्दा उत्पन्न शारीरिक, मानसिक, पारिवारिक, आर्थिक, सामाजिक र वातावरणीय असर सम्झँदा नै कहाली लाग्ने भएको छ । यिनै समस्याहरूको समाधानमा सहयोग पुर्‍याउन सुर्ती सेवनबाट उत्पन्न जटिलताहरू, खतरा, सुर्ती एवं चुरोट उत्पादक कम्पनीहरूको व्यापारिक नीति तथा सुर्ती मन्दविष र कडा लागुपदार्थ हेरोइन, कोकिनको प्रवेशद्वार भएको वारे आमनागरिकलाई जानकारी गराई सुर्ती सेवन निरुत्साहित पारी अहिलेको डरलाग्दो अवस्थालाई कम गर्न वा निर्मुल गर्न विश्व स्वास्थ्य संगठनद्वारा हरेक वर्ष मे ३१ मा बिश्व धूम्रपानरहित दिवस मनाइने गरिन्छ ।

**धूम्रपान भन्नाले के बुझिन्छ ?**

सुर्तीजन्य वनस्पति प्रमुखतर्या "निकोटीयना रस्टीका र निकोटीयना टोवाकम" को पात सुकाएर सिधै वा विभिन्न प्रक्रियाद्वारा प्रशोधन गरी वा प्रशोधनपछि अन्य तत्वहरू मिलाएर प्याकेटमा राखी बनाइएका चुरोट, विडी, सुर्ती, सुल्फा, जर्दा, पराग र गुट्खा इत्यादिमा हुने निकोटिन नामक रसायनिक पदार्थलाई कुनै पनि माध्यम चाहे मुख, म्युकोसा, नाक वा छालाबाट होस शरीरले ग्रहण गर्नु वा अवशोषित गर्नुलाई धूम्रपानको सङ्ज्ञा दिइन्छ । यो धुवाँ सेवनमात्र नभएर सुर्ती सेवन हो र एक प्रकारले दुर्व्यसन हो ।

**सुर्ती सेवन कुन कुन रूपमा गरिन्छ त ?**

सुर्ती धुवाँको रूपमा वा धुवारहितका विभिन्न रूपहरूमा खाने गर्ने गरिन्छ ।

धुवाँको रूपमा - नेपालमा ५५% नागरिकले धुवाँको रूपमा सुर्ती सेवन गर्दछन् आर्थिक हैसियतअनुसार सिगार, चुरोट, विडी, चिलम, तमाखु, ककड, पाइप त्यसैमा अझ घरानीया र बुढाबुढी छन् भने हुक्का, हुकली, चुट्टा, घुम्टीको रूपमा सुर्ती सेवन गर्दछन् गाउँका महिलाहरू जो बच्चाका आमा हुन्छन् उनीहरूले चुरोट, बिडी उल्टोमुखी सेवन गरेको पाइन्छ ।

धुवाँरहित रूपमा-हाम्रो मुलुकका ४५% नागरिकले सुर्ती धुवाँरहित रूपमा प्रयोग गर्दछन् । आजकलका युवावस्था र केटीहरूमा यस्तो रूपको धूम्रपान सेवन बढी नै देखिन्छ यसमा चपाएर प्रयोग गर्ने सुर्ती - पानसँग, सुपारीसँग वा सुर्ती मात्रै जस्तै जर्दा, मावा मुखमा राखी रस लिने/चुस्ने सुर्ती - जस्तै खैनी, मैनपुरी सुर्ती, नास, निस्वार, सुर्ती र चुन .दाँत गिजा वा मुखका अन्यमा भागमा लेप्ने सुर्ती- जस्तै बजार दाँत सफा गर्न (मंजनको रूपमा) प्रयोग गरिने सुर्ती - जस्तै गुल, गुडाखु, मिश्री, मसेरी र वास/गन्ध लिने सुर्ती - जस्तै स्नफजस्ता थुप्रै रूप र नामले सुर्तीको सेवन गरेको पाइन्छ नेपालमा ।

**नकारात्मक असर**

एक खिल्ली चुरोटले मानिसको आयु साढे पाँच मिनट हरेक वर्ष १ महिना र ५० वर्षमा चार वर्ष घटाउँछ । त्यसैमा पनि धूम्रपानकर्ता जति वर्ष बाँच्छ, उक्त समयभर पनि कष्टरहित र गुणस्तरयुक्त जीवन बाँच्न सक्दैन । वरीपरी बस्ने मानिसलाई पनि खराब असर पुर्‍याउँदछ कुनै पनि एकल रोगभन्दा बढी मृत्युकारक रोग निम्त्याउने पदार्थ धूम्रपान नै हो । यसले २५ किसिमका विभिन्न रोगहरू प्रत्यक्ष किसिमले र विभिन्न दुई तिहाइजति क्यान्सरहरू बनाउँछ । सुर्ती सेवनले नकारात्मक असर नपार्ने शरीरको कुनै पनि अङ्ग, तन्तु र रोग नभएको जानकारी छ ।

दाँत, छाला र औंलाहरू निकोटिनले पहेंला त्यसपछि कालो बनाउँछ रक्तनली एवं भल्भमा निकोटिन जम्दै जाँदा बोसोको मात्रा बढ्दै जान्छ । साँघुरिँदै जान्छ धूम्रपानले मायोकार्डीयल इन्फाकेशन, हटफेल र हृदयाघात हुने संभावना तीन गुणा बढाउँछ भने मुटुसम्बन्धी रोगहरू पाँच गुणा बढी हुन्छ । खुट्टामा थोम्ब्रोएण्जाइटिस अवलीटेरन्स हुन्छ छाती सम्बन्धी रोगहरू दम, खोकी बढ्ने, टीबि ( क्षयरोग) निमोनिया, ब्रोङकाइटिस, जीर्ण फोक्सोगत रोगहरू र चाहिने अक्सिजन लिन नसकी स्याँ स्याँ हुन्छ घुर्ने समस्या बढाउँछ । शरीरको प्रतिरक्षा शक्ति कमजोर हुन्छ । श्रवणशक्ति कमजोर बनाउँछ, दिमागको कोषलाई असर पारी आई.क्यू लेबल पनि घटाउँछ । समयपूर्व नै छालामा चाउरी पर्ने गराउँछ कम निद्रा लाग्ने, सुत्दा निद्रा नलाग्न, औषधिले काम नगर्ने, औषधि विरुद्ध अवरोध सृजना गराउने गर्दछ ।

धूम्रपान नगर्नेलाई भन्दा गर्नेलाई क्यान्सर हुने अधिक संभावना रहन्छ हुने गरेका क्यान्सरमा ९० प्रतिशत भन्दा बढी मुखको क्यान्सर, ८५ प्रतिशत फोक्सोको क्यान्सर, स्वरयन्त्र, अन्ननली, मुत्राशय, पित्ताशय, आमाशय, छालाको, पाठेघर, स्तनको क्यान्सर,पेटको, मृगौलाको फियोको क्यान्सरको कारक धूम्रपान नै पाइएको छ । जम्मा क्यान्सरमध्ये ६५% धूम्रपानले नै गराउँछ । पुरुषमा नपुंशकता र महिलामा बाँझोपन, मांशपेशी कमजोर, हाड कमजोर, मोतिया विन्दु, चपाउने सुर्ती प्रयोग गर्नेमा पेट दुख्ने, पटक पटक थुकिरहनुपर्ने, पेट बोकेकी आमामा शारीरिक र मानसिक रूपमा असक्षम कमजोर, रोगी र अंगभंग बच्चा जन्मने, समयपूर्व बच्चा जन्मने, बढी गर्भपतन, जन्मेको बच्चा २८ दिनमै मर्ने, कम तौलको बच्चा, बालमृत्यु दर बढी, असफल गर्भाधानको प्रबल संभावना खेलाडीमा चाँडै थाक्ने र स्टामिना घटाउँदछ ३० वर्षको धूम्रपानकर्ता र ४२ वर्षको धूम्रपान नगर्नेले १६ किलोमिटर बराबर समयमा पुरा गर्दछन् । १ चुरोट प्रतिदिनले, ४० सेकेण्ड दौड्ने क्षमता कम गराउँदै लगेको वैज्ञानिक पुष्टि पनि छ । छोरा हुने संभावना घटाउँछ । क्रोमोजोमलाई निकोटिनले असर पारी पुरुषको प्रजनन् क्षमतामा कम, शुक्राणु नोक्सान र महिलाको पाठेघरमा नरभ्रुण बस्न नदिने अवस्था ल्याउँछ । कपाल र लुगा फोहोर हुने, तालु खुइलिने, कपाल झर्ने, छाला पत्रिँदै फुस्रो हुने (सोरियासीस), अनुहारको चमक हराएर चाँडै चाउरी पर्ने, ओठ सुख्खा, नीलो वा कालो भई सुन्दरता नष्ट भई कुरूप बनाउँछ ।

धूम्रपानले मष्तिष्कमा रक्तश्राव गराउनसक्छ र पक्षघात भई मृत्यु हुन सक्छ । खानामा रुची कमी, पेटमा अल्सर, पेटमा गडबडले गर्दा कुपोषण हुन्छ । दम, खोकी, स्याँ-स्याँ र कमजोरीका कारण कामबाट वञ्चित भै अम्मली गरिबीको दलदलमा फस्दछन् । मासिक श्रावमा गडबडी, स्नायु नशा तथा धमनी सुन्निने, मधूमेह बनाउँछ । निकोटिनको दीर्घकालीन असर हातखुट्टामा पनि परी हातखुट्टामा बढी जाडो महसुस गरेको, औंला र जोर्नी दुखेको तथा बर्गर रोग लागेको देखीन्छ ।

**सुर्तीमा के छ र यति धेरै रोग लगाउन सक्ने ?**

सुर्तीलाई परापूर्वकालमा औषधीको रूपमा, घरानियाको प्रतिकको रूपमा र धार्मिक रूपमा प्रयोग गरिएता पनि प्राचीनकालमा नै यसका बेफाइदा थाहा भइसकेको कुरा प्राचीनकालमा टर्कीमा धूम्रपान गर्नेलाई मृत्युदण्ड दिने चलन र रुसका राजा जारहरूद्वारा धूम्रपान गर्ने प्रजाहरूलाई कोर्रा लगाउने, नाक काटिदिने र साइबेरिया पठाइदिने प्रथाबाट प्रष्ट हुन्छ तर वैज्ञानिक आधार पत्ता लागेको ५० वर्ष मात्र भएको छ ।

अप्रशोधित सुर्ती वा ककडमा २५०० भन्दा बढी रसायनिक तत्व हुन्छन् भने ४३ तत्वहरू कार्सीनोजन हुन्छन् यही सुर्तीलाई धुवाँको रूपमा सेवन गर्दा ४००० रसायन हुन्छ । जसमा ४०० विषालु पदार्थ ९५ प्रतिशतभन्दा बढी ग्यासहरू र ६० भन्दा बढी क्यान्सर बनाउन सक्ने तत्वहरू हुन्छन् । त्यस्तै अन्य तत्वसँग मिसाउँदा जस्तै चुना प्राणघातक रोग तथा क्यान्सर लाग्ने खतरा धेरै बढाउँछ ।

उक्त कार्सीनोजन तत्वहरूमा टोबाको स्पेसिफिक नाइट्रसअमाइन, पोलीन्युक्लीयर एरोमेटीक हाइड्रोकार्वन, टार, खोटो फेनोल, क्रेसोल, क्याटेकोल, न्याप्थुलअमाइन, बेन्जोपाइरिन, हाइड्राजिन, भिनाइल क्लोराइड, निकोटिन, कार्वनमोनोअक्साइड, कार्वनडाइअक्साइड, नाइट्रोजनका अक्साइड, साइनाइड, फर्मलडीहाइड, ट्रेस धातुहरू, निकल, आर्सेनिक, पोलोनियम-२१० इत्यादि पर्दछन् प्रमुख प्राणघातक रसायनमा निकोटिन, खोटो र कार्वनमोनोअक्साइड पर्दछन् । एसीटोन, एमोनिया, आर्सेनिक, वेन्जीन, फर्मालीन जस्ता तत्वहरूले चुरोटको धुवाँमा रहेको विषाक्ततालाई थप उर्जा दिन्छन् ।

**धूम्रपान विरुद्धमा नेपालमा के गर्नुपर्ला त ?**

धूम्रपानले व्यक्ति, समाज, परिवार र राष्ट्रलाई नै अधोगति गराउने हुनाले यसको विरुद्ध राष्ट्रिय अभियान सञ्चालन गर्नुपर्दछ । नेपालमा धूम्रपान विरुद्धको अभियानमा निजी, सरकारी, गैरसरकारी, सङ्घसंस्था थुप्रै लागेका छन् तर तिनमा सामन्जस्यको कमी छ भने यस अभियानको दायित्वबोध सबै सङ्घसंस्था, संचारमाध्यम र तपाई, म, हामी सबै नागरिक समाजले नगर्दा यो प्रभावकारी रूपमा अगाडि बढ्न सक्दैन । धूम्रपान जस्तो समाजको साझा समस्यालाई सामुहिक पहलबाट सामाजिक बहिस्कार गर्ने, धूम्रपान विरुद्ध अभियानलाई निरन्तर प्रक्रियाका रूपमा वर्षको ३६५ दिन नै सक्रिय रूपमा अघि बढाउनु पर्छ ।

विद्युतीय संचार माध्यममा २०५५ फाल्गुण ७ देखि धूम्रपानसम्बन्धी विज्ञापनमा रोक भए पनि सबै संचारका माध्यममा सुर्तीजन्य पदार्थको विज्ञापनमा प्रतिबन्ध लगाउनुपर्छ । धूम्रपान सम्बन्धी विज्ञापन वोर्डहरू, होर्डिङ्ग वोर्डहरू, सम्पूर्ण छापा, भित्ते पोष्टरमा बन्देज गरिनु पर्दछ । स्कुलको पाठ्यक्रममा धूम्रपानबाट हुने हानीबारे पाठ्यसामग्री बढाउनु पर्छ किनभने धूम्रपानको लत स्कूले

बाँकी तीन पृष्ठमा

# हिमालको संरक्षणमा जोड

काठमाडौँ, २० जेठ (रासस)।

विभिन्न राजनीतिक दलका नेताले विश्वको सर्वोच्च शिखर सगरमाथालगायत हिमाल देशका अमूल्य निधि भएकाले तिनको संरक्षण अपरिहार्य भएको बताउनुभएको छ।

अठारौँ गणतन्त्र दिवसका अवसरमा राष्ट्रिय समाचार समितिले आयोजना गरेको 'पर्वतीय पर्यटनः हाम्रो शान, हाम्रो पहिचान' विषयक तस्वीर प्रदर्शनको मंगलबार अवलोकनपछि उहाँहरूले तिनको संरक्षण र प्रवर्द्धनमा जोड दिनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का मुख्य सचेतक महेश बर्तौला र पूर्वमन्त्री हृदयेश त्रिपाठीले प्रदर्शनीका माध्यमबाट जलवायु परिवर्तनका कारण उत्पन्न समस्याप्रति गम्भीर हुन सन्देश प्रवाह गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो।

मुख्य सचेतक महेश बर्तौलाले प्रदर्शनीबारे व्यक्त गर्नुभएको विचार यस प्रकार छः गणतन्त्र दिवसका अवसरमा हिमाल र हिमाली जीवनलाई तस्वीरमा उतार्ने राससको कार्य सकारात्मक छ। गणतन्त्र आएपछि केही भएन भनेर प्रश्न गर्नेका लागि गतिलो जवाफ राससको तस्वीर प्रदर्शनी हो। ९६ वटा तस्वीरमार्फत पर्वतीय जीवनलाई उजागार गरिएको छ। राससका फोटो पत्रकारले पर्वतीय जीवनलाई तस्वीरमार्फत आमजनता समक्ष प्रस्तुत गरेका छन्। यो सराहनीय छ। नेपालको समृद्धिको महत्वपूर्ण आधार पर्यटन हो। पछिल्लो समय हिमाल र पर्वतहरू जलवायु परिवर्तनको मारमा परेका छन्। त्यो हाम्रो कारणले होइन, तापक्रम वृद्धिले हो। हाम्रा सम्पदा, हिमाल र हिमाली भूगोलको संरक्षण र प्रवर्द्धन गर्ने, राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा बजारीकरण गर्ने र यसका माध्यमबाट मुलुकको आर्थिक समृद्धिमा टेवा पुग्छ। आफ्नो कर्मको माध्यमबाट भएका कुरालाई समाजको तहमा ल्याउनका लागि प्रदर्शनी आयोजना गरेकामा आभार प्रकट गर्दछु। यसखालका विषयको प्रवर्द्धन सरकार आफैँले पनि गर्नुपर्छ। राज्यका निकायले यस्ता चिजलाई सम्पत्तिका रूपमा ग्रहण गरेर बजारीकरण र व्यवस्थापन गर्ने सोच आवश्यक छ। पर्वत शृङ्खला हाम्रा सम्पत्ति हुन्, यसको प्रवर्द्धन गरेर पर्यापर्यटनको विकास गर्न योगदान पुग्छ। हिमालका सम्भावना के छन् ? हिमालहरू के कस्ता छन् ? यसलाई पर्यटन र समृद्धिसँग जोडेर कसरी हेर्छौं भन्ने सन्देश दिएको छ। यो नै हाम्रो सम्पत्ति हो। यसबाट देशमा विकासका अथाह सम्भावना रहेको देखिन्छ। नेपालमा धेरै प्राकृतिक सम्पत्ति छन्, त्यसलाई देशको हितमा प्रयोग गर्न सकारात्मक दृष्टिकोणका साथ काम गर्नुपर्छ। तीनवटै तहका सरकारले ती अमूल्यनिधिका रूपमा रहेका हिमालको प्रचारप्रसार, त्यस ठाउँमा पर्यटकीय पूर्वाधार निर्माण गर्न समन्वयका साथ अघि बढ्नुपर्छ। यी सम्पदा र सम्पत्तिलाई हामी आफैँले जोगाएर र प्रवर्द्धन गरी देशको विकास गर्नुपर्छ।

**पूर्वमन्त्री त्रिपाठी भन्नुहुन्छः**

हिमाल र पर्वतीय पर्यटनसँग सम्बन्धित तस्वीर प्रदर्शनी गरेर राससले अनुकरणीय काम गरेको छ। तस्वीरमा समेटिएका कतिपय हिमाल र स्थानको थप अन्वेषण गरी विश्वसामु ल्याउनुपर्छ। परम्परागत पत्रकारिताभन्दा पृथक रहेर ल्याइएका यी तस्वीरमा हिमालको जीवन्त यथार्थ समेटिएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले यस्ता सम्पदाको संरक्षण एवं प्रवर्द्धनको योजना बनाउनुपर्छ। विश्वलाई चिनाउने हिमाल र भूगोल हामीसँग छ। भूगोलबाट हामी ठगिएका होइनौँ ती सम्पदालाई सदुपयोगमा पछि परेका हौँ। हिमाल हाम्रो शिर हो। हिमालको संरक्षण र प्रवर्द्धनमा राज्यले ध्यान दिनुपर्छ।

## *सन्दर्भ विश्व ...*

उमेरबाट नै सुरु हुन्छ। विद्यार्थीलाई दिइएको शिक्षाले उसको ५० वर्षको जीवन स्वस्थ र सुरक्षित रहन्छ।

उपचारमा ठूला ठूला अस्पताल तथा भरतपुर र भक्तपुर क्यान्सर अस्पताल प्रमुख भए पनि देशका पाँचै विकास क्षेत्रमा सहायक केन्द्र हुनु पर्ने तथा स्वास्थ्यचौकी, अस्पताल र सार्वजनिक स्थलमा सुर्ती सेवनका बेफाइदाबारे जानकारीमूलक कार्यक्रम सञ्चालन गरिनु पर्दछ।. ठूला व्यक्तिहरू, आदर्श व्यक्तिहरूद्वारा सेवन नगरिदिने गर्दा पनी अम्मलमा न्युनीकरण हुनसक्छ. बच्चाहरूले देखासिकीमा बाबुआमा, दिदी, दाई, नायक, नायिका, खेलाडी, मोडेलबाट सिक्दछन्।

सुर्तीजन्य पदार्थमा लाग्ने करमा वृद्धि गरेर वा स–साना प्याकेट र फुटकरमा किनमेल गर्न नपाइने बनाउदा पनि अम्मलीको र बालबालिकाको सङ्ख्या घटाउन सकिन्छ. चुरोटको सेवनलाई घटाउन वा निरुत्साहित गरिदिने एउटा विकल्प त्यसको मूल्यलाई चर्को बनाइदिने पनि हुनसक्छ. विश्व बैंकका अनुसार चुरोटको मूल्यमा हुने १० प्रतिशत बृद्धिले मात्रै पनि उच्च आय दर भएका मुलुकहरूमा ४ प्रतिशत र कम तथा मध्यम आयदर भएका मुलुकहरूमा ८ प्रतिशतले त्यसको खपतमा कमी आउने गर्छ। त्यसरी १० प्रतिशत मात्रै मूल्यवृद्धिले पनि करिब ४ करोड २० लाख मानिसहरूले धूम्रपानको लत छोड्ने र त्यसको परिणाम स्वरूप कम्तिमा १ करोड मानिसहरू चुरोट सम्बद्ध रोगका कारण मर्नबाट बच्नेछन्।

बालबालिकालाई ओसार पसार, बिक्री वितरण र खरिदमा हुने संलग्नतामा निषेध गरिनु पर्दछ।

अभियानकै रूपमा सडक बालबालिका, खाते र जोखिम समूहलाई लक्षित गरी कार्यक्रम चलाइनु पर्दछ।

सार्वजनिक स्थलमा धूम्रपान बिक्री वितरण गर्नेलाई कारवाही, दण्ड र सजायको कार्यान्वयन गरी भागीदार गरिनु पर्दछ।

नि:शुल्क स्वास्थ्य शिविर, सहकारी, सरकारी र गैह्र सरकारी संस्थाहरूबाट बेला - बेलामा गरिने कार्यक्रमको आयोजना शहरी क्षेत्रमा मात्र नभई गाउँ - गाउँमा र धेरै सङ्ख्यामा गरी धूम्रपानलाई निरुत्साहित पार्नु पर्दछ। आवश्यक सरसुविधा पूर्वाधार र दरबन्दीको व्यवस्था गरी डेन्टल र मेडिकल डक्टर गाउँ - गाउँमा जाने वातावरण बनाइनु पर्दछ. जसले एकातिर धामी झाँक्री, झोले डाक्टर र नक्कली डाक्टरको विगविगी घट्ने र उनीबाट ठगिएका जनताले गुणस्तर र सर्वसुलभ उपचार पाउने छन् भने अर्कोतिर रोजगारी नपाएर डक्टर भौतारिनु र विदेशिने अवस्थाको अन्त्य हुने छ।

सुर्तीजन्य पदार्थ सेवनबाट बच्न अम्मली स्वयंकै दृढ संकल्प र उच्च मनोबल चाहिन्छ। कुलतबाट छुटकारा पाउन परिवारजनले महत्वपूर्ण भूमिका खेल्न सक्नु पर्दछ आफूलाई सकेसम्म व्यस्त राख्दा यस्ता लतमा ध्यान जादैनन्. सकेसम्म एक्लै बस्नु हुँदैन, परिवार र साथीसुग बसी छलफल गर्ने गर्नुपर्दछ। साथीलाई समेत कुलतबाट छुटकारा पाउन सल्लाह दिनु पर्छ. कुलतबाट मुक्त हुन कुनै विशेष तिथिमिति जस्तै जन्मदिन, नया 'वर्ष वा प्रेरक व्यक्तित्वको जन्म दिन पारेर प्रतिज्ञा गर्नुपर्छ. उक्त अठोट बारेमा सकेसम्म धेरै साथी वा परिवारजनलाई बताएर मनोवल बढाउन सकिन्छ. सुर्ती सेवनमा निर्भर भइसकेकाहरूको उपचार 'निकोटिन रिप्लेसमेन्ट थेरापी'बाट गर्न सकिन्छ।

अन्तमा, धूम्रपानले स्वास्थ्यमा प्रतिकुल असर पार्छ नै त्यति मात्र नभई आर्थिक, सामाजिक, पारिवारिक र वातावरणीय दृष्टिकोणले पनि ठूलो नोक्सानी पुऱ्याउँछ. सुर्ती रोपेदेखि सुर्तीजन्य पदार्थहरू उत्पादन गर्ने कममा कैयन कामदारहरू अम्मली बन्दछन् जसबाट अम्मली व्यक्तिको खर्च बढी परिवारको लागि आवश्यक गाँस, बास र कपासको व्यवस्थापनमा असर पार्दछ र कलह निम्त्याउँछ। फलस्वरूप सामाजिक कुसंस्कारमा फस्न सक्दछन्। सुर्तीजन्य पदार्थले कम्पनीलाई मुनाफा, राष्ट्रलाई राजश्व दिन्छ तर अम्मलीलाई केवल कष्टकर प्राणघातक रोगहरू र मृत्यु मात्र दिन्छ (लेखक स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सहसचिव एवं प्रवक्ता हुनुहुन्छ)।


राजबिराज नगरपालिका
१ नं. वडा कार्यालय
राजबिराज, सप्तरी
मधेश प्रदेश, नेपाल

प.स. २०८१ ०८२
च.न. १५४५

मिती :- २०८२।०२।२०

विषय: - सुचना सूचना सूचना।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं. २ हाल १ बस्ने सदरुल मियाँ ले तपसिलका जग्गाहरु नामसारी गर्न सिफारिश गरि पाउँ भनि मिति २०८२।०२।१८ गते मा द.न.१५१६को निवेदन दिएको हुदाँ सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ।

तपसिल

जिल्ला सप्तरी रा.बि.न.पा.२ हाल १ बस्ने दिनानाथ चौधरी नाउको दर्ताको जग्गा

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | ३ | ११९२ | ०-०-१३.७५ |
| सप्तरी | चनौरा पडरीया | ३ | १०८० | ०-०-१४.५० |
| सप्तरी | चनौरा पडरीया | ३ | १०८२ | ०-०-१३ |
| सप्तरी | चनौरा पडरीया | ३ | १११८ | ०-१-० |
| सप्तरी | चनौरा पडरीया | ३ | ११०६ | ०-१-२.३५ |
| सप्तरी | चनौरा पडरीया | ३ | १०९४ | ०-०-१५ |
| सप्तरी | चनौरा पडरीया | ३ | ११०२ | ०-१-० |
| सप्तरी | चनौरा पडरीया | ३ | ११२८ | ०-१-४ |
| सप्तरी | चनौरा पडरीया | ३ | १०८९ | ०-०-१६ |
| सप्तरी | चनौरा पडरीया | ४ | ९३५ | ०-१-१६ |
| सप्तरी | चनौरा पडरीया | ४ | ९४५ | ०-१-१ |
| सप्तरी | चनौरा पडरीया | ४ | ९५२ | ०-१-१ |
| सप्तरी | चनौरा पडरीया | ३ | ९५८ | ०-०-०.५ |

चन्द्र शेखर चौधरी
वडा अध्यक्ष
रा.बि.न.पा.वडा नं.-१
२०८२।२।२०
चन्द्र शेखर चौधरी
वडा अध्यक्ष
रा.बि.न.पा.वडा नं.-१


## विश्व समाचार

### गाजाको सहायता केन्द्र नजिकै भएको इजरायली आक्रमणमा १५ जनाको मृत्यु

गाजा, २० जेठ (रासस/एएफपी)।

इजरायली सेनाले मङ्गलबार गाजाको दक्षिणको सहायता केन्द्र नजिकै गरेको आक्रमणमा कम्तिमा १५ जनाको मृत्यु भएको उद्धार कर्ताहरुले जनाएका छन्।

आक्रमणमा एकै ठाउँमा दर्जनौं मानिस मारिनुका साथै अन्य घाइते भएको उद्धारकर्ताहरूले बताएका छन्।

घटनाको पुष्टि गर्दै नागरिक सुरक्षाका एजेन्सिका प्रवक्ता महमुद बासलले इजरायली सेनाले राफाहको उत्तरपश्चिममा अल मवासीको अल आलमको रोटोन्डा नजिकै हजारौं नागरिक विरुद्ध ट्याङ्क र ड्रोनले मार्फत आक्रमण गरेको बताउनु भएको छ।

संयुक्त राष्ट्रसङ्घका प्रमुख एन्टोनियो गुटेरेसले आक्रमणको स्वतन्त्र अनुसन्धानका लागि आह्वान गर्दै प्यालेस्टिनीहरूले खानाको व्यवस्था गर्नका लागि आफ्नो ज्यान जोखिममा पार्न नहुने बताउनु भएको छ।

इजरायलले गाजाको स्थिति सुधार गर्न बढ्दो दबाबको सामना गरिरहेको छ। गाजामा इजरायलले दुई महिना सम्म आपूर्ति अवरुद्ध गरेपछि मानिसहरूले खाना लगायत अन्य अत्यावश्यक वस्तुहरुको अभावको सामना गरिरहेका छन्।

पछिल्लो समयमा सहायता प्रवाह अनुमती दिएको छ भने अन्तराष्ट्रिय समुदायले इजरायललाई थप सहायताको प्रवेशलाई अनुमति दिन आग्रह गरेको छ।

हमासलाई पराजित गर्ने उदेश्यले इजरायलले हाल गाजामा आफ्नो अभियानलाई तीव्र बनाएको छ।

इजरायली सेनाले मङ्गलबार क्षेत्रको उत्तरमा आफ्ना तीन जना सैनिक मारिएको र द्वन्द्व सुरु भए देखि प्यालेस्टिनी क्षेत्रमा मारिएका इजरायली सेनाको सङ्ख्या ४२४जना पुगेको बताएको छ।

### ट्रम्प र सीले यस हप्ता 'सम्भवत:' कुरा गर्नुहुनेछ : ह्वाइट हाउस

वासिङ्टन, २० जेठ (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चीनका राष्ट्रपति सी जिनपिङले यस हप्ताको अन्त्यमा लामो समयदेखि प्रतीक्षित फोन वार्ता गर्ने सम्भावना रहेको ह्वाइट हाउसले सोमबार बताएको छ। विश्वका दुई ठूला अर्थतन्त्रबीच व्यापारिक तनाव फेरि बढ्दै गएको छ।

गत हप्ता विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनलाई सम्झौता उल्लङ्घन गरेको आरोप लगाउँदै ट्रम्पले चीनसँगको तनावलाई पुन: सुरु गर्नुभयो। उक्त सम्झौताबाट दुवै देशलाई अस्थायी रूपमा ठूला पारस्परिक शुल्कहरू घटाउन नेतृत्व गरेको थियो।

"दुई नेताले यस हप्ता कुरा गर्ने सम्भावना छ", ट्रम्प र सी बोल्नुहुन्छ कि भनेर सोधिएको प्रश्नमा प्रेस सचिव क्यारोलिन लेभिटले वेस्ट विङ बाहिर पत्रकारहरूलाई भन्नुभयो।

मङ्गलबार उक्त बयानबारे सोधिएको प्रश्नमा चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले बेइजिङसँग 'उपलब्ध गराउनका लागि कुनै जानकारी नभएको' बताए।

ट्रम्प सत्तामा फर्किएको पाँच महिनाभन्दा बढी समयपछि उहाँ र सीबीच अहिलेसम्म कुनै पुष्टि भएको सम्पर्क भएको छैन। यद्यपि अमेरिकी राष्ट्रपति ट्रम्पले फोन आसन्न रहेको बारम्बार दाबी गर्नुभयो।

ट्रम्पले अप्रिलमा टाइम म्यागजिनको अन्तर्वार्तामा सीले उहाँलाई फोन गरेको बताउनुभएको थियो तर बेइजिङले हालै कुनै फोनवार्ता नभएको जोड दिएको थियो।

अन्य देशहरूले संयुक्त राज्य अमेरिकालाई 'लुट्दै' र व्यापारिक असन्तुलन चलाएको आरोप लगाउँदै ट्रम्पले अप्रिलमा विश्वव्यापी व्यापक भन्सार शुल्कहरू लागू गर्नुभयो। भन्सार शुल्कले चीनलाई सबैभन्दा बढी लक्षित गऱ्यो।

बेइजिङ र वासिङ्टनले गत महिना जेनेभामा शीर्ष अधिकारीहरू बीचको वार्तापछि ९० दिनका लागि एकअर्कामा आश्चर्यजनक रूपमा उच्च भन्सार शुल्क कटौती गर्न सहमति गरेका थिए।

तर ट्रम्प र वासिङ्टनका अन्य शीर्ष अधिकारीहरूले गत हप्ता चीनलाई सम्झौता उल्लङ्घन गरेको आरोप लगाए। वाणिज्यमन्त्री हावर्ड लुटनिकले फक्स न्युज सन्डेमा टिप्पणीमा बेइजिङले सम्झौतालाई 'ढिलो-रोलिङ' गरिरहेको बताउनुभयो।

बेइजिङले सोमबार ती 'झुटा' अमेरिकी दावीहरूलाई अस्वीकार गऱ्यो र वासिङ्टनलाई 'धेरै भेदभावपूर्ण प्रतिबन्धात्मक उपायहरू' लागू गरेको आरोप लगायो।

ट्रम्पले बुधबारदेखि स्टिल र एल्युमिनियममा विश्वव्यापी भन्सार शुल्क दोब्बर गरेर ५० प्रतिशत बनाउने प्रतिबद्धता व्यक्त गर्दै युरोपेली संघ (इयु) सहित अन्य व्यापार साझेदारहरूसँग तनाव बढाउनुभएको छ।

# डा. सीके राउतमाथि ठेकेदारद्वारा मानहानीको मुद्दा दायर

**दैनिक समाचारदाता राजविराज, २० जेठ ।** सप्तरीको रूपनी-राजविराज-हनुमाननगर सडक तथा राजबिराज-छिन्नमस्ता सडकको निर्माण अलपत्र परेको विषयमा सामाजिक सञ्जालमार्फत् आवाज उठाउँदा जनमत पार्टीका अध्यक्ष तथा प्रतिनिधिसभा सदस्य डा. सीके राउतमाथि ठेकेदारले मानहानीको मुद्दा दायर गरेका छन् ।

जनप्रतिनिधिको नाताले आफूले सडक निर्माणमा देखिएको ढिलासुस्तीप्रति सार्वजनिक रूपमा प्रश्न उठाएको र ठेकेदारलाई सचेत गराएको राउतको भनाइ छ । तर यस्तै कार्यलाई लिएर कठौनाका ठेकेदार संजिव साहले आफूविरुद्ध मुद्दा दायर गरेको भन्दै उनले आपत्ति जनाएका छन् ।

रूपनी-राजबिराज-हनुमाननगर सडक तथा अन्य योजनाहरू टेन्डर भइसकेका, बजेट विनियोजन भइसकेको र ठेकेदारले भुक्तानीसमेत लिइसकेको अवस्था छ । तर ठेकेदारले काम नगर्दा स्थानीय जनता सास्तीमा परिरहेका छन् । राउतका अनुसार एकै जनाले १०-१५ वटा योजनाको ठेक्का लिएर पनि काम नगरी रकम अन्यत्र लगानी गर्ने प्रवृत्ति व्यापक रूपमा देखिएको छ ।

# अपाङ्गता ऐन कार्यान्वनका लागि पहल गर्ने

काठमाडौँ, २० जेठ (रासस) । प्रतिनिधिसभा, कानुन, न्याय तथा मानवअधिकार समितिका सभापति विमला सुवेदीले 'अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४' कार्यान्वयनका निम्ति पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

दलित अपाङ्गता भएका व्यक्तिहरूको सङ्घ, नेपाल ( डिडान) ले मंगलबार यहाँ आयोजना गरेको 'तेस्रो विश्व अपाङ्गता शिखर सम्मेलन-२०२५, त्यसका सिकाइ र आगामी बाटो' विषयक सरोकारवाला निकायसँगको सिकाइ आदान-प्रदान कार्यक्रममा उहाँले संविधान बमोजिम अब बन्ने ऐन/कानुन र नीतिहरू अपाङ्गतामैत्री बनाउन आफ्नो तर्फबाट सक्दो पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सभापति सुवेदीले भन्नुभयो, "नेपालमा हालसम्म सातवटा संविधान बनेका छन्, तर वर्तमान संविधानले महिला, जनजाति, मधेशी र अपाङ्गता भएका व्यक्तिलगायत सबै वर्ग र क्षेत्रको अधिकार सुनिश्चित गरेको छ । संवैधानिक अधिकार कार्यान्वयनका निम्ति सबैभन्दा बढी सम्बन्धित समुदाय नै सक्रिय हुनुपर्छ ।" अपाङ्गता भएका समुदायभित्र पनि महिला र दलितलाई राज्यले विशेष व्यवस्था गर्नुपर्ने उहाँको भनाइ छ ।

संविधानसभाका सदस्य विनोद पहाडीले अपाङ्गताको सवालमा सबै स्थानीय तहले विशेष व्यवस्था गरी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । डिडानका अध्यक्ष पम्फा पुर्कोटीले कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका, संवैधानिक निकायलगायत राज्यका सबै संरचनामा अपाङ्गता भएका व्यक्तिको समान सहभागिताका निम्ति संवैधानिक व्यवस्थाको माग गर्नुभयो । अपाङ्गता भएका व्यक्तिको सहभागिताको सवालमा अपाङ्गतासम्बन्धी ऐन कार्यान्वयन गर्नुपर्ने उहाँले बताउनुभयो ।

डिडानका वरिष्ठ संस्थापक तथा अपाङ्गता समावेशी विकासविज्ञ कृष्ण गहतराजले अपाङ्गता समावेशिताका लागि राज्यले नीति बनाएर कार्यान्वयन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

## तिलाठी कोइलाडीका...

भ्रष्टाचार गरेको अख्तियारका प्रवक्ता राजेन्द्र कुमार पौडेलद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

विवरण लुकाउने बदनियतका साथ सार्वजनिक सार्वजनिक रुपमा सूचना प्रकाशित नै नगरेको मिडियाले भुक्तानी लिएको पुष्टि भएको हुँदा सो कार्यमा संलग्न प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा १ बमोजिम कैद र बिगो बमोजिम सजाय र जरिवाना हुनुपर्ने मागदावी सहित विशेष अदालत, काठमाडौमा आरोपपत्र दायर गरिएको अख्तियारले जारि गरेको विज्ञप्तिमा उल्लेख छ ।

# विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : तिरहुत गाउँपालिका, सप्तरी**

# वीरगञ्ज नाका : पाँच खर्ब छ अर्ब आयात र ७९ अर्ब निर्यात

पर्सा, २० जेठ (रासस) । वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको १० महिनामा रु पाँच खर्ब छ अर्ब ६७ करोड मूल्यका वस्तु तथा सामान भित्रिएका छन् । आव २०८०/८१ को १० महिनाको तुलनामा चालु आवको सोही अवधिमा नाका हुँदै भित्रिने समानको हिस्सा १२ दशमलव ७५ अर्थात् रु ५७ अर्ब ३० करोड बढी मूल्यका वस्तु तथा सामान यहाँ भित्रिएका छन् ।

चालु आवको १० महिनामा यो नाका हुँदै सबैभन्दा धेरै आयात हुनेमा पेट्रोलियम पदार्थको हिस्सा रहेको छ । पाँच थरिका पेट्रोलियम पदार्थमात्र रु एक खर्ब ५५ अर्ब ९४ करोडको भित्रिएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ । वीरगञ्ज नाका हुँदै दोस्रो धेरै आयात हुने वस्तुमा भने भटमासको कच्चा तेल रहेको छ । जसको हिस्सा रु ४५ अर्ब ७९ करोड रहेको छ ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछाने चालु आवमा आयात र निर्यात दुवैमा वृद्धि भएको बताउँछन् । चालु आवको १० महिनामा रु २९ अर्ब दुई करोड मूल्यका मेसिनरी तथा तिनका पार्टपुर्जा आयात भएका छन् । त्यस्तै रु २८ अर्ब ५१ करोड मूल्यका फलाम तथा फलामबाट बनेका सामान आयात भएका छन् । सोही अवधिमा रु २३ अर्ब ८५ लाख मूल्यका सबै प्रकारका एलोपेथिक औषधि भित्रिएका छन् ।

चालु आवको १० महिनामा आयात मात्र नभएर निर्यातमा पनि उल्लेखीय वृद्धि भएको देखिन्छ । चालु आवको १० महिनामा रु ७९ अर्ब तीन करोड मूल्य बराबरका वस्तु तथा सामान यो नाका हुँदै विदेशी मुलुकमा निर्यात भएको देखिन्छ । जबकि गत आवको १० महिनामा यो नाका हुँदै रु २५ अर्ब ४८ करोड मूल्यबराबरको वस्तु तथा सामान विदेशी मुलुकमा पुगेको थियो । गत आवको १० महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने दुई सय १० दशमलव १६ प्रतिशत अर्थात् रु ५३ अर्ब ५५ करोड बढीको निर्यात भएको हो ।

चालु आवको १० महिनामा यो नाका हुँदै सबैभन्दा धेरै निर्यात हुने वस्तुमा भटमासको तेल प्रशोधित रहेको छ । चालु आवको १० महिनामा रु ४६ अर्ब ५३ करोड मूल्यका २१ करोड ९२ लाख ४६ हजार ६५१ लिटर भटमासको तेल प्रशोधित निर्यात भएको छ । जबकि गत आवको सोही अवधिमा रु नौ करोडका चार लाख ६४ हजार ९३ लिटरमात्र निर्यात भएको थियो । चालु आवको १० महिनामा रु सात अर्ब २७ करोडको तीन करोड ५२ लाख २३ हजार ८२४ लिटर सूर्यमुखीको प्रशोधित तेल निर्यात भएको छ । जबकि गत आवको १० महिनामा रु १० करोडको पाँच लाख २७ हजार २९१ लिटर सूर्यमुखीको प्रशोधित तेल निर्यात भएको थियो ।

# 'मुलुकको विकासका निम्ति दुवै छिमेकीको सहयोग अपरिहार्य'

धनुषा, २० जेठ (रासस) । नेपाल कम्युनिस्ट पार्टी ( एमाले)का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले मुलुकको विकासका निम्ति दुवै छिमेकी राष्ट्रको साथ एवं सहयोग अपरिहार्य भएको विचार व्यक्त गर्नुभएको छ ।

चाइना फाउण्डेशन फर रुरल डेभलपमेन्टद्वारा जनकपुरको सरस्वती नमूना माध्यमिक विद्यालयलाई मंगलबार शैक्षिक सामग्री हस्तान्तरण गर्दै उहाँले दुवै छिमेकीले हासिल गरेको आर्थिक विकास हाम्रा लागि प्रेरक छ भन्नुभयो । उहाँले दुवै देशको सहयोगबाट मुलुकलाई विकासको पथमा अग्रसर गराउन सकिने बताउनुभयो ।

देशको सामाजिक-आर्थिक विकासका लागि चीन सरकारबाट निरन्तर सहयोग प्राप्त भएकामा आभार व्यक्त गर्दै नेता पोखरेलले नेपालाई शिक्षा तथा स्वास्थ्य क्षेत्रको विकासमा सहायता बढाउन आग्रह गर्नुभयो ।

पूर्वमन्त्री जुलीकुमारी महतोले नेपालको भौतिक पूर्वाधारको निर्माणमा चीन सरकारले गरेको सहयोगको सराहना गर्नुभयो ।

विद्यालयका प्रधानाध्यापक नागेश्वर साहले विद्यालयको शैक्षिक उन्नयनका निम्ति चीन सरकारबाट प्राप्त सहयोगका निम्ति कृतज्ञता ज्ञापन गर्नुभयो ।

नेपाल-चीन कूटनीतिक सम्बन्ध स्थापनाका अवसरमा चीन सरकारले सहायता सामग्री हस्तान्तरण गरेको हो । मंगलबारै उक्त संस्थाले जनकपुरधामस्थित प्रादेशिक अस्पतालको प्रसुतिगृहलाई चिकित्सा उपकरण प्रदान गरेको छ ।

## सडक स्तरोन्नतीको ...

कार्यको ठेक्का लिएपनि काममा ढिलाई गरिरहेको तथा सरोकारवाला निकायले कुनै कारवाही नगरेको भन्दै स्थानीय आक्रोसित भएका हुन् । उक्त सडक खण्डको दर्जनौं ठाउँमा खाल्डा खुल्डी हुँदा पटक पटक दुर्घटना समेत हुने गरेको भन्दै उनीहरुले अविलम्ब निर्माण कार्य सुरु गर्न माग गरेका छन् ।

# बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np